# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्याः १६, मंसिर ८ गते, २०८२ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका उर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।८।७

**प्रस्तावना** : व्यास नगरपालिकाले आफ्नो उर्जा नीतिमा नवीकरणीय उर्जाको प्रवर्द्धन र विकास गर्न उर्जा विकास उपसमितिको गठन र कार्य जिम्मेवारीको व्यवस्था गरी नगरपालिका भित्र नवीकरणीय उर्जा सम्बन्धी सम्पूर्ण कार्यलाई व्यवस्थित गर्न, आफ्नो दैनिक कार्य सञ्चालन गर्न र नगरपालिका क्षेत्रका सेवाग्राहीहरुलाई उर्जा सम्बन्धी सम्पूर्ण सेवाहरु चुस्त बनाउने कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट प्रेषित नगरपालिकाको नवीकरणीय उर्जा नीति, २०७६, को १२ नं. बुँदाको संस्थागत संरचना अन्तर्गत १२.१ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका उर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "उपसमिति" भन्नाले पूर्वाधार विकास समिति अन्तर्गत गठित उर्जा विकास उपसमिति सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।
(घ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।
(ङ) "निकाय" भन्नाले नगरपालिका र कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।
(च) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।
(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।
(ज) "सभा" भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

## परिच्छेद २
## उपसमितिको गठन तथा पदावधि

३. **उपसमितिको गठन** : (१) कार्यपालिकाद्वारा पूर्वाधार विकास समिति अन्तर्गत रहने गरी देहाय बमोजिमको एक उर्जा विकास उपसमिति गठन गरिनेछ :
(क) नवीकरणीय उर्जामा सामान्य जानकारी भएको कार्यपालिका सदस्य वा वडाध्यक्ष -संयोजक
(ख) विषय विज्ञ, निजी क्षेत्र, महिला, पछाडि पारिएका, दलित तथा विपन्न वर्ग मध्येबाट कार्यपालिकाले मनोनित गरेको बढिमा ६ जना -सदस्य

(२) उर्जा विकास उपसमितिको संरक्षकमा प्रमुख र सल्लाहकारमा उपप्रमुख, पूर्वाधार विकास समितिको संयोजक एवं प्रमुख प्रशासकीय अधिकृत रहनेछन् ।

(३) उर्जा विकास उपसमितिको पदाधिकारीहरुको पदावधि बढीमा चार वर्षको हुनेछ ।

४. **पदमुक्त हुने अवस्था :**
(क) पूर्वाधार विकास समितिको सिफारिसमा कार्यपालिकाबाट पदाधिकारीहरुले दिएको राजिनामा स्वीकृत भएमा,
(ख) पदाधिकारीहरुको मृत्यु भएमा,
(ग) पदाधिकारीहरुको निर्वाचित अवधि समाप्त भएमा,
(घ) मगज बिग्रिएमा,
(ङ) कुनैपनि फौज्दारी अभियोग प्रमाणित भएमा ।

## परिच्छेद ३
## उपसमितिको काम, कर्तव्य र अधिकार

५. **काम, कर्तव्य र अधिकार** : नगरपालिका, कार्यपालिका र पूर्वाधार विकास समितिको प्रत्यक्ष सुपरीवेक्षणमा रही उर्जा विकास उपसमितिको देहाय बमोजिम काम, कर्तव्य र अधिकार हुनेछ :
(क) कार्यपालिका, पूर्वाधार विकास समिति र नगर सभा प्रति उत्तरदायी भई कार्यपालिका, समिति तथा सभाबाट प्राप्त उर्जा विकास सम्बन्धी नीति, निर्देशन तथा सुझावहरुलाई अवलम्बन गर्ने,
(ख) उर्जा विकास उपसमितिको आवश्यकता अनुसार मासिक वा वार्षिक बैठक राख्ने, निर्णयहरु गर्ने र भएका निर्णयहरुलाई कार्यपालिका वा भौतिक पूर्वाधार विकास समितिलाई जानकारी गराई अनुमोदन गराउने,
(ग) नवीकरणीय उर्जा र अन्य उर्जा सम्बन्धी आवश्यक ऐन, कानुन, नीति तथा कार्यविधिहरु समावेशी, समानुपातिक प्रतिनिधित्वको आधारमा तयार गरी पूर्वाधार विकास समिति तथा कार्यपालिका मार्फत सभाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने तथा समयानुकुल यस्ता नियम तथा कार्यविधिहरु पुनरावलोकन गरी संशोधन गराई पारित गराउने,

(घ) समग्र उर्जा विकासको लागि एक उर्जा इकाइ स्थापना गरी यसको संस्थागत विकासमा सहयोग गर्ने र इकाइलाई आवश्यक जनशक्ति तथा भौतिक सामग्रीहरुको लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ङ) उर्जा सम्बन्धी प्रभावकारी सेवा प्रवाहको लागि नागरिक वडापत्र तयार गर्ने र यसमा उल्लेख भएका सबै सेवा सम्बन्धी चेतना नगरवासीहरुलाई गराउने,

(च) नवीकरणीय उर्जाको वार्षिक योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा महिला, दलित तथा सिमान्तकृत वर्ग तथा समुदायहरुलाई प्राथमिकता दिई सहभागिता गराउने,

(छ) नवीकरणीय उर्जाका विभिन्न प्रविधिहरुको कार्यान्वयन तथा जडानमा एकल महिला घरधुरी, सिमान्तकृत विपन्न तथा दलित घरधुरीहरुलाई विशेष अनुदानको व्यवस्थाका लागि पूर्वाधार विकास समिति मार्फत कार्यपालिका समक्ष पेश गर्ने,

(ज) नगरपालिकाको उर्जा सम्बन्धी आवधिक, वार्षिक योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गरी नगरपालिकाको योजना तर्जुमा तयार गरी लागु गर्ने,

(झ) उर्जा योजनाका तयारीका विभिन्न चरणहरुमा नगरपालिकाको तर्फबाट सक्रिय सहभागिता जनाउने,

(ञ) उर्जा योजनाको परिकल्पना, लक्ष्य तथा उद्देश्यलाई मध्यनजर गर्दै नगरपालिकाको वार्षिक उर्जा योजना तर्जुमा गर्ने । नवीकरणीय उर्जाको समुदायस्तरदेखि नै क्रियाकलापहरुको सहभागितात्मक पहिचान, माग सङ्कलन, प्राथमिकीकरण गरी पूर्वाधार विकास समिति मार्फत कार्यपालिका तथा सभा समक्ष अनुमोदनका लागि पेश गर्ने,

(ट) नगरपालिकाको मासिक, अर्धवार्षिक वा वार्षिक समीक्षा गरी आवश्यकता अनुसार प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने र समीक्ष प्रतिवेदन सम्बन्धित निकाय एवं सरोकारवालाहरु समक्ष पेश गर्ने,

(ठ) समुदाय स्तरबाट नगरपालिकामा माग भई आएका उर्जा सम्बन्धी क्रियाकलापहरुको लागि आवश्यक बजेट विनियोजन गर्न भौतिक पूर्वाधार विकास समिति मार्फत कार्यपालिकासँग समन्वय गर्ने गराउने,

(ड) नगरपालिकाबाट प्राप्त बजेटको उचित व्यवस्थापन गरी उर्जा सम्बन्धी क्रियाकलापहरुको कार्यान्वयन गर्ने, अनुगमन गर्ने तथा प्रभावकारी कार्यान्वयनको लागि उपभोक्ताहरुलाई सुझाव र सल्लाह दिने । आवश्यक परे कार्यान्वयन भएका कार्यहरुको गुणस्तर कायम गर्न विषय विशेषज्ञहरुसँग परामर्श तथा आवश्यक समन्वय गर्ने,

(ढ) नगरपालिकामा गठित अनुगमन समिति तथा आवश्यकता अनुसार तेस्रो पक्षबाट समेत अनुगमन गराउने,

(ण) नगरपालिकामा गठन भई कृयाशील रहेका अन्य समिति वा उपसमितिहरुसँग आपसी सहयोग र समन्वय कायम गर्ने,

(त) उर्जाका वार्षिक क्रियाकलापहरुको कार्यान्वयनका क्रममा खरिद गरिने वस्तु तथा सेवाका लागि कार्यपालिकालाई खरिद सम्बन्धमा आवश्यक पर्ने कागजात, प्राविधिक स्पेशिफिकेशन तयारी तथा सेवा प्रदायक समूहको छनौटका लागि सहयोग गर्ने,

(थ) उर्जा विकास तथा कार्यान्वयनका लागि सम्भाव्य सरोकारवालाहरुको पहिचान गरी समन्वय गर्ने तथा आवश्यकता अनुसार बैठक राखी सुझावहरु लिने तथा दिने,

(द) प्रमुखको सहयोगमा नवीकरणीय उर्जा विकास तथा प्रवर्द्धनका लागि आन्तरिक तथा बाह्य स्रोतहरुको पहिचान तथा परिचालन गर्ने,

(ध) उर्जा विकासको लागि संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार र बाह्य दाताहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(न) नवीकरणीय उर्जा सेवा प्रवाहमा अनुदान नीतिलाई अत्यावश्यक क्षेत्र तथा घरपरिवार बाहेक क्रमशः कम गर्दै लैजाने र वित्तीय क्षेत्रको लगानीलाई प्रवर्द्धन गर्ने,

(प) नगरपालिकाबाट घर निर्माण नक्सा पास गर्दा भवन निर्माण आचार संहितामा उर्जामैत्री बुँदाहरु थप्न लगाई पूर्वाधार विकास समिति मार्फत कार्यपालिकाबाट अनुमोदन गराउने,

(फ) उर्जा विकास योजना तयारी, कार्यान्वयन तथा अनुगमनको क्रममा आइपर्ने आवश्यक निर्णयहरु गर्ने र पूर्वाधार विकास समिति मार्फत कार्यपालिकामा पेश गर्ने,

(ब) उर्जा योजना तर्जुमा तथा यसको कार्यान्वयनबाट सम्भावित पर्न सक्ने नकारात्मक प्रभावहरुको (वातावरणीय, विपद् जोखिम तथा सामाजिक द्वन्द्व) समयमा सचेत रहने र न्यूनीकरण तथा व्यवस्थापनका उपायहरुको अवलम्बन गर्ने,

(भ) उर्जाको उत्पादनमूखी प्रयोगमा जोड दिई उर्जामा आधारित घरेलु तथा साना उद्योग स्थापनामा सहजीकरण गर्ने । उर्जालाई स्थानीय स्तरमा कृषि उत्पादनमा वृद्धि गरी आयातलाई घटाउने, मूल्य श्रृंखला वृद्धि गर्ने र रोजगारीको अवसर वृद्धिमा जोड दिन पहल गर्ने,

(म) नवीकरणीय उर्जा प्रविधिको जडान पश्चात् स्थानीय स्तरमै सेवाको सुनिश्चितताको लागि निजी क्षेत्रहरुलाई जडान पश्चात्को सेवा संयन्त्रको विकास तथा कार्यान्वयनमा जोड दिने,

(य) उर्जा सम्बन्धी विभिन्न प्रविधिहरुको सिप तथा ज्ञानका लागि क्षमता अभिवृद्धि योजना तयार तथा कार्यान्वयन गर्ने,

(र) उर्जा विकास सम्बन्धी कार्य गर्न विज्ञ आवश्यक परे पूर्वाधार विकास समिति, प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख मार्फत सेवा खरिद गर्ने व्यवस्था मिलाउने,

(व) आवश्यकता अनुसार विकास साझेदारहरुसँगको साझेदारीमा उर्जा प्रवर्द्धनको कार्यक्रमहरुलाई प्राथमिकता दिने,

(श) उपसमितिको बैठक तथा अन्य सञ्चालन खर्चका लागि कार्यपालिकासँग समन्वय गर्ने, भएको खर्चलाई अनुमोदन गर्ने र निकासाको लागि प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गर्ने,

(ष) उपसमितिका संयोजकले उपसमितिका सम्पूर्ण पदाधिकारीहरुलाई नेतृत्व गर्नेछन् भने अन्य सदस्यहरुले संयोजकलाई सहयोग गर्नु सदस्यहरुको जिम्मेवारी रहनेछ ।

६. **कार्यविवरण :** उर्जा विकास उपसमितिको आफ्नो छुट्टै कार्यविवरण हुनेछ र उक्त कार्यविवरण पूर्वाधार विकास समितिको सिफारिसमा कार्यपालिकाबाट अनुमोदन गरिनेछ । अनुमोदित कार्यविवरणको मूल मर्मलाई केन्द्र विन्दुमा राखी उपसमितिका पदाधिकारीहरुले आफ्नो पद अनुसार सम्पादन गर्ने कार्यविवरण तयार गरी संयोजकबाट स्वीकृत गराउनुपर्दछ र स्वीकृत कार्यविवरणका आधारमा तोकिएको कार्यसम्पादन गर्न उपसमितिका प्रत्येक सदस्यहरुको कर्तव्य र जिम्मेवारी हुनेछ । उपसमितिको विस्तृत कार्य विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।

७. **कार्यसम्पादनका आधारहरु :** उपसमितिले कार्यसम्पादन गर्दा नेपालको संविधान र अन्य प्रचलित कानुनमा व्यवस्था भएका कुराहरुको अतिरिक्त देहाय बमोजिम गर्नुपर्नेछ :

(क) नगरपालिकाको र जनताको बृहत्तर हित,

(ख) समन्वय, सहकार्य र समावेशीकरण,

(ग) कानुनको शासन,

(घ) पारदर्शीता, जवाफदेहिता तथा इमान्दारिता,

(ङ) आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त चुस्त र जनमुखी कार्य,

(च) निर्णय प्रकिया तथा सूचनामा सर्वसाधारणको पहुँच,

(छ) जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग ।

८. **निश्चित समयावधि भित्र निर्णय गर्नुपर्ने :** यस अन्तर्गत उपसमितिको निर्णय गर्न अधिकार प्राप्त अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानुन बमोजिम कुनै निश्चित अवधि भित्र निर्णय

गर्नुपर्ने भनी तोकिएमा सोही समयवधि भित्र र त्यस्तो व्यवस्था नभएमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहराएको समयावधि भित्र निर्णय गर्नुपर्नेछ ।

९. **निर्णय गर्दा पारदर्शीता कायम गर्नुपर्ने** : यस नियम वा अन्य प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गबाट निर्णय गर्नुपर्नेछ र उक्त निर्णय गर्नुपर्ने विषयमा आफ्ना मातहतका सदस्यहरुको राय तथा परामर्शमा गर्नुपर्नेछ । उपसमितिको बैठकबाट सिफारिस भई कार्यपालिकाबाट अनुमोदन भएका निर्णयहरु सार्वजनिक गर्नुपर्नेछ ।

१०. **निर्णय गर्दा आधार र कारण खुलाउनुपर्ने** : प्रचलित कानुन बमोजिम निर्णय गर्दा सम्बन्धित पदाधिकारीले गरेको निर्णय कुनकुन कुरामा आधारित छ र त्यस्तो निर्णय किन गर्नु परेको हो सोको स्पष्ट आधार र कारण खुलाई निर्णय गर्नुपर्नेछ ।

११. **सार्वजनिक चासोको विषयमा निर्णय गर्ने** : उपसमितिले सार्वजनिक चासोको कुनै विषयमा निर्णय गर्नुअघि सरकोकारवाला तथा नागरिक समाजसँग आवश्यक परामर्श गर्न सक्नेछ र उक्त प्रस्तावित निर्णय गरिएको विषयको सकारात्मक तथा नकारात्मक पक्षहरुको समग्र विश्लेषण गरी त्यसबाट प्राप्त हुन सक्ने सम्भावित प्रभाव मूल्याङ्कन समेत गर्नुपर्नेछ ।

१२. **आफ्नो जिम्मेवारी पन्छाउन नहुने** : कानुन बमोजिम कार्यसम्पादन गर्नुपर्ने उपसमितिका सदस्यहरुले आफूलाई सुम्पिएको वा कानुन बमोजिम आफूले सम्पादन गर्नुपर्ने काम निर्धारित शर्त तथा निर्धारित अवधि भित्र सम्पादन गर्नुपर्नेछ ।

## परिच्छेद ४
## आर्थिक कार्यप्रणाली तथा जिम्मेवारी

१३. **बजेट तथा कार्यक्रम तर्जुमा** : उपसमितिले आगामी आर्थिक वर्षमा गर्नुपर्ने कामकाज तथा कार्यक्रमको निमित्त तोकिए बमोजिम बजेट तयार गर्ने गराउने उत्तरदायित्व संयोजकको हुनेछ र बजेट तर्जुमा गर्दा विकास साझेदार र अन्तर्राष्ट्रिय संघ संस्थाबाट अनुदान स्वरुप प्राप्त हुने नगदी वा जिन्सी सहायतालाई बजेटमा समावेश गर्नु गराउनुपर्नेछ । उर्जा विकास उपसमितिबाट एक आर्थिक वर्षको लागि बजेट तर्जुमा गरी पूर्वाधार विकास समिति मार्फत कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

१४. **सेवा सुविधा** : नगरपालिकाद्वारा गठित समितिका पदाधिकारीहरुलाई अन्य समितिका पदाधिकारीहरुलाई उपलब्ध गराए सरहको सुविधा उपलब्ध गराइनेछ ।

१५. **कारोबारको लेखा** : उपसमितिले कारोबारको लेखा प्रणाली नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ र अनुदान तथा अन्य सहायता लगानी, विनियोजन आदि सबै प्रकारका कारोबारको लेखा तयार गरी राख्नुपर्नेछ ।

१६. **आर्थिक हिनामिना तथा अनियमितता गर्न नहुने** : उपसमितिका कुनैपनि सदस्यले जानीजानी वा गलत मनसाय राखेर उपसमितिमा कुनैपनि प्रकारको हानि नोक्सानी पुऱ्याउन वा आर्थिक हिनामिना गर्न वा अनियमितता गर्न गराउन हुँदैन त्यस्तो पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

१७. **जोखिम व्यवस्थापन** : उपसमितिले रकम लगानी तथा त्यसमा रहेको जोखिम समेतलाई विश्लेषण गरी जोखिम व्यवस्थापन कार्ययोजना तयार गर्नेछ ।

## परिच्छेद ५
## विविध

१८. **उच्च नैतिकता तथा व्यवसायिकता कायम गर्नुपर्ने** : उपसमितिले सदस्यहरुको काम कारबाहीलाई पारदर्शी बनाउन तथा काम कारबाहीमा उच्च व्यवसायिकता कायम राख्नका लागि देहाय बमोजिमको आचार संहितालाई पालना गर्नुपर्नेछ :

(क) उर्जा विकास उपसमितिका पदाधिकारीहरुलाई बैठक हुनुभन्दा कम्तिमा तीन दिन अगावै जानकारी गराई उपस्थितिको सुनिश्चितता गर्नुपर्नेछ ।

(ख) कुनैपनि पदाधिकारी आफ्नो पदीय दायित्व, मर्म अनुरुप प्रत्येक बैठकमा मनासिब कारण सहितको अवस्था बाहेक अनिवार्य सहभागी हुनुपर्नेछ ।

(ग) उपसमितिको कुनैपनि पदाधिकारी बिना सूचना लगातार बढीमा तीन पटकसम्म बैठकमा अनुपस्थिति भएमा स्वत: खारेजीमा परेको मानिनेछ ।

(घ) उर्जा विकास उपसमितिको कुनैपनि पदाधिकारीहरुले आचार संहिता पूर्णरुपमा पालना गर्नुपर्नेछ । यदि कुनै कसैले उल्लंघन गरिएको पाइएमा उपसमितिको संयोजकले तत्काल स्पष्टीकरण सोध्न सक्नेछ र सोधिएको स्पष्टीकरणमा चित्तबुझ्दो जवाफ नआएमा उपसमितिको बैठकबाट निर्णय गरी आवश्यक कारबाही गरिनेछ । त्यस्तो आवश्यक कारबाही अन्तर्गत केही समयको लागि निलम्बन वा पद खारेजीसम्मको निर्णय गर्नसक्नेछ ।

१९. **समय पालना र नियमितता** : उपसमितिका सम्पूर्ण सदस्यहरुले निर्धारित समयमा नियमित रुपले कार्यलाई तिब्र रुपमा अगाडि बढाउनुपर्नेछ र उपसमितिको आवश्यकता र संयोजकको निर्देशन अनुसार बैठक बस्नुपर्नेछ र बैठकमा अनुपस्थिति तथा जिम्मेवारीबाट टाढा हुन खोजेमा आवश्यकता अनुसार कारबाही समेत गर्न सक्नेछ ।

२०. **सूचना प्रवाह** : उपसमितिले आफ्नो कार्यालयसँग सम्बन्धित सबै प्रकारका सूचनाहरु अद्यावधिक गरी राख्नुपर्नेछ र कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना बोर्डको व्यवस्थापन गर्नेछ ।

२१. **निर्देशिका, दिग्दर्शन वा स्रोत पुस्तिका बनाउन सक्ने** : उपसमितिले आफ्नो काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो छरितो र मितव्ययी रुपमा सञ्चालन गर्न वा कार्यसम्पादन गर्न आवश्यक निर्देशिका, दिग्दर्शन वा स्रोत पुस्तिका बनाई लागु गर्न सक्नेछ ।

२२. **खारेज र बचाउ** : नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको कुनैपनि कानुन, नियम तथा नवीकरणीय उर्जा नीतिसँग कुनैपनि बुँदा बाझिन गएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ ।

**अनुसूची १**
**(दफा ६ सँग सम्बन्धित)**
**कार्यविवरण**

- उर्जा विकास उपसमिति, पूर्वाधार विकास समिति, कार्यकारीहरु र नगरपालिकाको सभाको लागि जिम्मेवार हुनेछ र यो उर्जा सम्बन्धी निर्देशन र सुझावहरु कार्यान्वयन गर्न प्रतिबद्ध हुनेछ ।
- उपसमितिले नवीकरणीय उर्जाको लागि कानुन, नियम र मानक सञ्चालन प्रक्रिया तयार गर्नेछ र पूर्वाधार विकास समिति एवं कार्यकारी मार्फत विधान सभाबाट स्वीकृत हुनेछ ।
- संगठनात्मक विकासले नवीकरणीय उर्जालाई बढवा दिन उर्जा इकाइ र उर्जा विकास उपसमितिमा ध्यान केन्द्रीत गर्दछ ।
- उर्जा सेवाले नागरिक वडापत्रमा सबै नगरपालिकाका मानिसहरुलाई सचेतना जगाउने कुराको उल्लेख गर्नेछ ।
- उर्जा विकास उपसमितिले उर्जा सम्बन्धित गतिविधिहरु समाहित गर्न वार्षिक योजना प्रक्रियामा सक्रिय भूमिका र नेतृत्व प्रदर्शन गर्नेछ ।
- यथार्थवादी र प्रयोगकर्तामैत्री गतिविधिहरु तयार गर्न सहयोग पुऱ्याउने सहित वार्षिक योजना प्रक्रियाको विभिन्न चरणहरुमा सक्रिय सहभागिताको पुष्टि हुनेछ । यो परिप्रेक्ष्य सन्दर्भ र समय अनुसार संशोधन हुनेछ ।
- उर्जा सम्बन्धी गतिविधिहरुको पहिचान, उनीहरुको माग सङ्कलन, प्राथमिकता र वर्गीकरण सहिष्णुता स्तरबाट वार्षिक योजना प्रक्रियाको शुरुदेखि सात विभिन्न चरणमा नगरपालिकाको उर्जा योजनाको दृष्टिकोण, लक्ष्य र उद्देश्यहरुको परिस्थापन हुन्छ । त्यसपछि उर्जा विकास उपसमितिले उर्जा सम्बन्धी गतिविधिहरु पूर्वाधार विकास समिति मार्फत कार्यकारीमा र अन्ततः विधान सभाबाट अनुमोदन गराउनेछ ।
- यसले उर्जा प्रवर्द्धनका लागि सम्भावित सरोकारवालाहरुको पहिचान सहित उर्जा विकास रणनीति तयार गर्नेछ ।
- यसले आन्तरिक र बाह्य रुपमा नवीकरणीय उर्जा विकास र पदोन्नतिको लागि प्रमुखको सहयोगमा स्रोतहरुको खोजी र परिचालन गर्नेछ ।
- यसले केन्द्रीय, प्रदेश र छिमेकी स्थानीय सरकारहरुसँग उर्जा विकासको लागि उनीहरुको फलदायी सहयोगका लागि प्रभावकारी ढङ्गले आपसी समन्वय र सहकार्य गर्दछ ।
- जरुरी क्षेत्र र Dis-Advantaged Group समुदाय र उर्जा वित्तीय पदोन्नति बाहेक अनुदान संयन्त्र विस्तारै घट्नेछ ।
- उर्जा विकास उपसमितिले भवन निर्माण नक्सा स्वीकृत गर्ने बेला उर्जामैत्री भवन कोड थप्न पैरवी गर्नेछ र पूर्वाधार विकास समिति मार्फत कार्यकारीहरुलाई सहमति जनाउँनेछ ।
- यसले उर्जा विकास योजनाहरु, यसको कार्यान्वयन, अनुगमन र पूर्वाधार विकास समिति मार्फत कार्यकारीहरुलाई पेश गर्ने, रिपोर्ट तयार पार्ने निर्णय गर्नेछ ।
- यो उर्जा योजना र यसको कार्यान्वयनको समय मै सम्भावित नकारात्मक प्रभावमा चेतना हुनेछ । यसले सम्भावित नकारात्मक प्रभावहरुको विरुद्ध कम गर्ने विकल्पहरु र व्यवस्थापनका उपायहरुको अनुशरण गर्नेछ ।
- यसले प्रयोगकर्ताहरुको पक्षमा नवीन र रचनात्मक नवीकरणीय उर्जा प्रविधि प्रवर्द्धन गर्न र उनीहरुको पहुँच बढाउन ध्यान दिनेछ । यो नयाँ नवीकरणीय उर्जा प्रविधि प्रवर्द्धन खोजमा केन्द्रीत हुनेछ, जसले प्रयोगकताहरुलाई फाइदा पुऱ्याउनेछ ।

- यसले निजी क्षेत्रका लागि वातावरण सक्षम पार्दै नवीकरणीय उर्जा प्रविधि स्थापना गरेपछि सेवा सुनिश्चित गर्न स्थानीय रुपमा बिक्री पछाडि सेवा संयन्त्र र यसको कार्यान्वयन विकासमा जोड दिनेछ ।
- यसले क्षमता निर्माण योजना र नवीकरणीय उर्जा प्रविधिमा ज्ञान र सिप वृद्धि गर्न यसको प्रभावकारी कार्यान्वयनमा जोड दिन्छ ।
- यसले प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र पूर्वाधार विकास समितिको संयोजकको समन्वयमा आवश्यकता अनुसार उर्जा विकास विज्ञहरुको प्रबन्ध मिलाउँदछ ।
- उर्जा विकास र प्रवर्द्धन गर्न यसले विकास साझेदारसँगको सहकार्य र साझेदारीमा उर्जा प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकता दिनेछ ।

**आज्ञाले**
**(सुकदेव लम्साल)**
**प्रमुख प्रशासकीय अधिकृत**